20th Annual General Meeting

स्वदेशी
हाम्रो सामान, हाम्रै स्वाभिमान

'मन्दीदेखि समृद्धि, लगानीमा अभिवृद्धि'

# २०औं वार्षिक साधारण सभा

नेपाल उद्योग परिसंघको २०औं वार्षिक साधारण सभाको
समुद्घाटन समारोहमा अध्यक्ष विष्णु कुमार अग्रवालबाट प्रस्तुत

# स्वागत मन्तव्य

२०८० आषाढ ८, शुक्रवार
Friday, June 23, 2023

# नेपाल उद्योग परिसंघको २० औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहमा अध्यक्ष विष्णु कुमार अग्रवालबाट प्रस्तुत स्वागत मन्तव्य

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यू,
माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारीज्यू,
माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतज्यू,
माननीय मन्त्रीज्यूहरू,
परिसंघका अध्यक्ष एमिरेट्स माननीय श्री विनोद चौधरीज्यू,
विभिन्न राजनीतिक पार्टीका अध्यक्षज्यूहरु
पूर्वमन्त्रीज्यूहरू,
राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू,
माननीय सांसदज्यूहरू,
श्रीमान् मुख्यसचिवज्यू,
आयोगका माननीय सदस्यज्यूहरू,
नेपाल राष्ट्र बैंकका श्रीमान् गभर्नरज्यू,
श्रीमान् सचिवज्यूहरू,
महामहिम राजदूतज्यूहरू,
नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षज्यू,
नेपाल चेम्बर अफ कमर्सका अध्यक्षज्यू,
परिसंघका निर्वतमान तथा पुर्व अध्यक्षज्यूहरु,
परिसंघ गभर्निङ्ग काउन्सिलका अग्रजज्यूहरु,
परिसंघका वरिष्ठ उपाध्यक्षज्यू, उपाध्यक्षज्यूहरु
निजी क्षेत्रका विभिन्न संघसंस्थाका अध्यक्ष, पूर्वअध्यक्ष, उपाध्यक्ष एवं पदाधिकारीज्यूहरू,
नेपाल सरकारका उच्चपदस्थ पदाधिकारीज्यूहरू,
अग्रज एवं सहकर्मी उद्योगी–व्यवसायीज्यूहरू,
आमन्त्रित विशिष्ट व्यक्तित्वज्यूहरू,
परिसंघका सदस्यज्यूहरू,

पत्रकार मित्रहरू,
यस सभामा उपस्थित सबै हाम्रा अतिथिज्यूहरूलाई हार्दिक स्वागत गर्दछु।

१. आफ्नो व्यस्तताका बाबजुद नेपाल उद्योग परिसंघको २०औं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणा स्वीकार गरी पाल्नु भएकोमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । मेरो व्यक्तिगत एवं परिसंघको तर्फबाट यस समारोहमा हार्दिक स्वागत पनि गर्दछु। साथै सभामा पाल्नुहुने हाम्रा विशेष अतिथिज्यूहरु, अतिथि महानुभावहरुलाई पनि हार्दिक स्वागत गर्दछु ।
सम्माननीय प्रधानमन्त्रीज्यू,

२. यस गरिमामय सभामा म परिसंघका महत्वपूर्ण गतिविधिहरूलाई संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क) स्वदेशी औद्योगिक उत्पादन वृद्धि गरी नेपाली वस्तु तथा सेवाको पहुँच राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने मुख्य लक्ष्यका साथ परिसंघले सन् २०२१ देखि नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयसँगको साझेदारीमा मेक इन नेपाल–स्वदेशी अभियान संचालन गरिरहेको छ। परिसंघले लक्षित उद्देश्य प्राप्तिका लागि नीतिगत सुझावसहित विभिन्न Promotional कार्य गर्दै आएको छ । गत जेठ २ गते मेक इन नेपाल स्वदेशी दोस्रो सम्मेलन सफलतापूर्वक आयोजना गरी २१ बुँदे नीतिगत सुझाव माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतज्यूलाई हस्तान्तरण गरेका थियौं । उक्त सम्मेलनबाट दिइएका सुझावहरु बजेटमा समावेश गरिएकोमा सरकारलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

बहुराष्ट्रिय परामर्श कम्पनी KPMG को सहयोगमा स्वदेशी अभियानको सदस्यताको लागि स्पष्ट मापदण्ड बनाएर कार्यान्वयनमा ल्याइएको छ। साथै निश्चित मापदण्ड र प्रक्रिया सहित छुट्टै स्वदेशी लोगो प्रयोगमा ल्याइसकिएको छ ।

मेक इन नेपाल स्वदेशी अन्तर्गत प्रत्येक वर्ष स्वदेशी सम्मेलन, Swadeshi Meet and Greet, उद्योग मन्त्रालयसँगको सहकार्यमा यसको वार्षिक समीक्षा गर्दै आएका छौं । नीतिगत सुझावसँगै CNI Koshi Expo, सातौं चितवन अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी, रुपन्देही औद्योगिक प्रदर्शनीलगायतका विभिन्न मेला, प्रदर्शनीमा स्वदेशी अभियानको प्रवर्द्धन गर्दै आएका छौं ।

मेक इन नेपाल स्वदेशीले नेपालको पहिलो बिजनेश टू बिजनेस (B2B) पोर्टल संचालनमा ल्याएको छ । यस पोर्टलको उद्देश्य नेपाली वस्तुहरूको निर्यात अभिवृद्धि गर्दै अन्तर्राष्ट्रिय क्रेताहरूलाई वास्तविक नेपाली वस्तुहरूको पहुँच र खरिदका लागि एकीकृत प्लेटफर्म उपलब्ध गराउनु रहेको छ ।

मेक इन नेपाल स्वदेशी अभियानमा नेपाल उद्योग परिसंघले २ करोड ५२ लाख बढी रुपैयाँ खर्च गरिसकेको छ ।

हामीलाई यो अभियानले राष्ट्रिय अर्थतन्त्रमा पारेको महत्वपूर्ण प्रभावले गौरवान्वित समेत बनाएको छ । मेक इन नेपाल स्वदेशी अभियान संचालन भएको यो अवधिमा करिब ३ खर्बको कारोबार गरिरहेका र १५ हजार भन्दा बढीलाई प्रत्यक्ष एवं करिब ५० हजारलाई परोक्ष रुपमा रोजगारी दिइरहेका ११४ स्वदेशी कम्पनीहरू आवद्ध भइसकेका छन्। आगामी दिनमा स्वदेशीको सदस्यता बढाएर सदस्यहरुको Capacity building, Value Addition, Labeling, Branding तथा वस्तुहरुको पहुँच राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुर्याउन काम गर्नेछौं ।

ख) परिसंघले आफ्नो संरचनालाई विस्तार गर्दै सातै प्रदेशमा पुऱ्याइसकेको छ । परिसंघले ठूला र मझौला उद्योगहरुलाई प्रतिनिधित्व गरिरहेकोमा आफ्ना जिल्ला, प्रदेश तथा संस्थागत सदस्यहरु मार्फत लघु, घरेलु तथा साना उद्योगमा पनि नेपालभर आफ्नो पहुँच विस्तार गरिसकेको छ ।

ग) परिसंघले भारत, साफ्टालगायत तेस्रो मुलुकका लागि नेपाल सरकारले सञ्चालनमा ल्याएको Online Platform 'Nepal National Single Window' मार्फत उत्पत्तिको प्रमाणपत्र जारी गरिरहेको छ । प्रदेश तथा जिल्ला संघहरुबाट समेत उत्पत्तिको प्रमाणपत्र जारी हुँदै आएको छ । निर्यातको विषयमा आफ्ना सदस्यहरुलाई जानकारी, निर्यात र प्रत्यक्ष वैदेशिक लगानी (FDI) विस्तारको लागि छुट्टै समिति गठन र विभिन्न समयमा कार्यशाला गरेर निरन्तर रुपमा सम्बन्धित निकायमा सुझावहरु पनि दिदै आएका छौं । निर्यातकर्ता व्यवसायी साथीहरूलाई उत्पत्तिको प्रमाणपत्र जारी गर्न तथा निर्यातका अन्य आवश्यक सहजीकरण गर्न परिसंघ सदैव तत्पर रहेको अवगत गराउँदछु ।

घ) परिसंघले सीप–Skill Nepal अभियान अन्तर्गत उद्योगहरूमा कामदारहरूको सीप विकास, रोजगारी सुनिश्चितता, उद्योगको उत्पादकत्वमा वृद्धि गर्न UKAID SEEP को सहयोग तथा साझेदारीमा सदस्य उद्योगहरूमा Apprenticeship कार्यक्रम गरिरहेको छ । यस कार्यक्रम मार्फत १ हजार २१ जनाले रोजगारी समेत पाईसकेका छन् ।

साथै नेपाल सरकारको कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम Apprenticeship मा पनि परिसंघमार्फत १७ वटा उद्योगहरुले १ हजार जनालाई तालिम दिई रोजगार उपलब्ध गर्ने त्रिपक्षीय सम्झौता सम्पन्न भएको छ । तर यसको कार्यविधिमा भएका केही अप्ठेरा विषयहरु समाधान गर्न परिसंघले सुझाव दिइसकेको जानकारी गराउन चाहन्छु ।

ङ) युवालाई उद्यमशीलतामा जोड्ने अभियानमा परिसंघले अग्रणी भूमिका खेल्दै आएको छ । उद्यमशीलताको विकासका लागि परिसंघले युवा उद्यमीहरुलाई प्रबर्द्धन एवं प्रोत्साहन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्दै CNI, Team Ventures, CNIYEF, Startup Réseau India बीचको सहकार्यमा नेपालमा Incubation Center स्थापना गरिसकेका छौं । Incubation Center स्थापनाको छोटो समयमै १० वटा स्टार्टअपलाई International trainer बाट one to one company basis मा तालिम प्रदान भईरहेको छ ।

गत वर्ष StartUp Fest कार्यक्रममार्फत नविन सोंच भएका युवा उद्यमीहरुलाई लगानी जुटाउने काम पनि हामीले गरेका थियौं । युवा उद्यमशीलतामा हामीले गरेको प्रयासले परिसंघलाई थप बलियो बनाएको अनुभुति गरेका छौं ।

च) कुनै पनि उद्योग व्यवसायका लागि अनुसन्धानका क्षेत्रहरु महत्वपूर्ण हुन्छ । यही मान्यताका साथ परिसंघमा अनुसन्धान इकाई (Research Cell) को स्थापना गरी उद्योगहरूको वास्तविक अवस्थाको बारेमा त्रैमासिक रुपमा CNI Industry Status Report, मासिक रुपमा CNI Nepal Economy Insights प्रकाशन गर्दै आएका छौं । साथै, आवश्यकता अनुसार अर्थतन्त्र तथा उद्योगका विषयमा Survey, बजेट तथा मौद्रिक नीतिका लागि सुझावहरु संकलन गर्ने काम पनि प्रभावकारी रुपमा हुँदै आएका छ । Research Cell ले केही समयअघि मात्रै १४० सदस्य उद्योगहरुसँग व्यवसायमा आएको कमी र असरका विषयमा अध्ययन गरेर तथ्यांक सार्वजनिक गरेको थियो । यो अनुसन्धानले राज्यका विभिन्न निकायलाई आवश्यक नीति नियम तुर्जमा गर्न पनि महत्वपूर्ण रहेको हाम्रो विश्वास छ । आगामी दिनमा अनुसन्धानको दायरा फराकिलो पार्दै थप बलियो बनाउने प्रतिबद्धता पनि गर्दछौं ।

Research Cell लाई बलियो बनाउन आर्थिक सहयोग गर्ने सूर्य नेपाल प्राइभेट कम्पनी र यसका प्रबन्ध निर्देशक श्री रवी रायबरमलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

छ) देशको समग्र विकासका लागि दीगो पूर्वाधार महत्वपूर्ण आधार हो । पूर्वाधार विकासमा देखिएको अवरोध हटाउन निरन्तर पहल गर्ने उद्देश्यले परिसंघले हरेक दुई वर्षमा नेपाल पूर्वाधार सम्मेलनको आयोजना गर्दै आइरहेको छ । "Infrastructure for Growth" Theme मा आधारित रहेर चौथो संस्करणको Nepal Infrastructure Summit गएको भदौंमा सम्पन्न भयो । सो सम्मेलनले Governance Framework, Financing, Digital

Infrastructure र Green Infrastructure गरी चार क्षेत्रमा दीगो पूर्वाधार विकासका लागि गरिनुपर्ने सुधारसहितको Action Points पहिचान गरी प्रतिवेदन नै तयार पारी सुझाएका छौं । अत्यन्त सफलतापूर्वक सम्पन्न भएको सम्मेलनमा नेपालसहित विभिन्न १७ मुलुकका राष्ट्रिय, अन्तर्राष्ट्रिय पूर्वाधार विज्ञ, लगानीकर्ता, तीनै तहका सरकार, निजी क्षेत्रका प्रतिनिधि सहित ५ सय बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

निर्धारित समय र लागतमा लगभग कुनै पनि आयोजना नबन्नु पूर्वाधार क्षेत्रको एउटा गम्भीर समस्या रहँदै आएको छ । यी समस्यालाई सम्मेलनले सुक्ष्म रुपमा छलफल गरी आफ्ना सुझावहरु सुझाएका छौं ।

ज) परिसंघले महिला सशक्तिकरण गरेर समावेशी र समुन्नत नेपाल निर्माणका लागि पनि प्रभावकारी भूमिका खेल्दै आएको छ । महिलाहरु सामाजिक, आर्थिक क्षेत्रको भूमिकाबाट बन्चित रहेसम्म समग्र संमृद्धि हासिल हुन सक्दैन भन्नेमा परिसंघ स्पष्ट छ । महिलाहरुलाई आरक्षण र सहभागिता मात्रै होइन नेतृत्वदायी भूमिमा पुर्याउनुपर्ने, वित्तीय पहुँच बढाउँदै महिलाहरूलाई आत्मनिर्भर बनाउनेतर्फ नीतिगत व्यवस्था हुनुपर्ने र भएका नीतिहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिदै परिसंघको महिला उद्यमी मञ्च मार्फत International Womens leadership Summit सफलता पूर्वक आयोजना गरेका थियौं । सम्मेलनले ८ बुँदे घोषणापत्र जारी गर्दै सरकारलाई हस्तान्तरण समेत गरेका थियौं ।

झ) परिसंघ राष्ट्रियसँगै अन्तर्राष्ट्रिय व्यवसायिक क्षेत्रसँग सहकार्य गरेर नेपालमा लगानी विस्तारका लागि सक्रिय रहेको छ । परिसंघले यस उद्देश्य प्राप्तिका लागि विभिन्न मुलुकका व्यवसायिक संस्थाहरु जस्तै भारतको Indian Chambers of Commerce (ICC), चीनको CCPIT सँग व्यवसाय बढाउन तथा लगानी भित्र्याउन सम्बन्धलाई थप प्रगाढ बनाएको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

३. चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा निजी क्षेत्रको तर्फबाट परिसंघले

दिएका सुझावहरू सम्बोधन गरेर हामीलाई उत्साह प्रदान गरेको थियो । ती सुझावहरु पूर्ण कार्यान्वयन हुने विश्वास लिएका थियौं । सरकारलाई बजेट कार्यान्वयनमा निजी क्षेत्रले समेत रचनात्मक सहयोग गर्नुपर्छ भन्ने उद्देश्यले निजी क्षेत्रबाट पहिलो पटक नेपाल उद्योग परिसंघले नेपाल आर्थिक पत्रकार समाज (सेजन) र पायनियर ल फर्मको साझेदारीमा बजेट वाच नै सुरु गरेका छौं । चालु आर्थिक वर्षको बजेटमा निजी क्षेत्र, लगानी प्रवर्द्धन, औद्योगिक विकास, भौतिक पूर्वाधारलगायतसँग सम्बन्धित विषयवस्तुहरुको कार्यान्वयन निकै निराशाजनक रह्यो । निजी क्षेत्रसँग सम्बन्धित ६३ वटा बुँदामा जेठ मसान्तसम्म १६ प्रतिशत मात्रै पूर्ण कार्यान्वयन भएको, ३५ प्रतिशत आंशिक कार्यान्वयन र बाँकी ४८ प्रतिशतमा कुनै प्रगती हुन नसकेको देखिएको छ ।

४. आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटले केही नयाँ सुधारको संकेत गर्दै निजी क्षेत्रलाई आर्थिक बिकासको संवाहकको रुपमा स्वीकारेको छ । आगामी आर्थिक वर्षदेखि बन्ने परियोजनाहरुमा स्वदेशमा उत्पादन भएका सिमेन्ट, फलामे छड, जस्तापाता, फलामे पाइप, प्लाष्टिकका पाइप र विद्युतीय तारको प्रवर्द्धन गर्ने, जग्गाको हदबन्दी सम्बन्धी कानूनमा पुनरावलोकन गर्ने, सार्वजनिक निजी साझेदारीमा औद्योगिक क्षेत्र निर्माण र संचालन, वैदेशिक लगानीको न्यूनतम सीमा पुनरावलोकन गर्ने, ढुंगा, गिट्टी निकासी गर्न आधार तयार गर्ने, साइट क्लियरेन्स भएका आयोजनालाई मात्रै बजेट बिनियोजन गरिने, स्टार्टअप व्यवसायमा लगानी गर्न प्रोत्साहित गर्नेलगायतका विषय स्वागतयोग्य छन् ।

५. औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन, रुख कटानलगायतका पूर्व तयारीका कार्य सम्पन्न गरी सार्वजनिक निजी साझेदारीमा औद्योगिक क्षेत्र विकास तथा सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने बजेटमा उल्लेख गरिएको छ । यसले परिसंघले संचालन गरिरहेको मेक इन नेपाल स्वदेशी अभियानका लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने हामीले विश्वास लिएका छौं । छिमेकी मुलुकहरुमा औद्योगिक क्षेत्रमा स्थापना गर्ने उद्योगीहरुलाई विशेष सहुलियत दिने गरिएको छ । जसबाट औद्योगिक क्षेत्रमा आकर्षण बढेको छ । तर बजेट यसमा मौन छ ।

६. लगानी अभिवृद्धिका लागि नीतिगत स्थिरता अपरिहार्य हुन्छ । तर प्रत्येक वर्ष भन्सार, अन्त:शुल्क लगायतका करका दरहरू परिवर्तन गर्दा लगानीको वातावरण अनिश्चित भई लगानी निरुत्साहित भइरहेकोतर्फ सरकार सचेत हुनुपर्छ भन्ने हामी मान्यता राख्छौं ।

कुनै पनि उद्योग स्थापना गरेर दीगो बनाउन धेरै चुनौतिहरु छन् । कडा मेहनत, लगानीको जोखिम, कर्मचारीको श्रमबाट तयार भएको औद्योगिक क्षेत्र सरकारबाट हुने नीतिगत निर्णयबाट संकटमा पर्छन् । त्यसको ज्वलन्त उदाहरण वनस्पति घिउ, तेल उद्योग हुन् ।

क) वनस्पती घ्यु तेलको कच्चा पदार्थको आयातमा सहुलियतमा १ प्रतिशत भन्सार लाग्दै आएकोमा हाल १० प्रतिशत भन्सार बनाइएको छ । अत: यसलाई तत्काल सच्याई साविक बमोजिम १ प्रतिशत कायम गर्न आग्रह गर्दछु । साथै कच्चा पदार्थ र तयारी वस्तुमा लाग्ने भन्सार दर फरक नहुँदा २५ अर्ब भन्दा बढी लगानी रहेका करिब तीन दर्जन दाल उद्योगहरु समेत धरासायी बन्नसक्नेतर्फ ध्यान दिन हार्दिक अनुरोध गर्दछु ।

ख) विगतमा कानून बमोजिम कर दायित्व फरफारक गरी कर चुक्ताको प्रमाणपत्र समेत लिइसकेको अवस्थामा हाल आएर नयाँ कर दायित्व सिर्जना हुने व्यवस्था आर्थिक ऐनमार्फत गरिएको छ । पुँजी बृद्धिका लागि नियामकीय निकायको निर्देशन बमोजिम जारी भएको FPO, Merger तथा Acquisition मा हाल आएर विगतदेखिको कारोबारमा आकर्षित हुने गरी कर लगाउने प्रावधान अब्यबहारिक मात्रै होइन लगानीकर्तालाई निरुत्साहित गरेको छ । यो निर्णय नसच्याउने हो भने व्यवसायहरुलाई पुँजी/आकार वृद्धि तथा विस्तारका लागि समेत हतोत्साही गर्नेछ । त्यति मात्रै होइन वैदेशिक लगानीलाई पनि निरुत्साहित गर्छ ।

ग) कोभिड १९ महामारीको असरबाट पर्यटन उद्योग केही तङ्ग्रीन लागेको छ । यस्तो बेलामा पर्यटन उद्योगलाई प्रबर्द्धन गर्ने र पर्यटन व्यवसायीहरुको मनोबल

उच्च गराउनुपर्नेमा हवाई टिकटमा भ्याट र पाँच तारे होटेल तथा रिसोर्टमा विलासिता शुल्क  लगाइएको छ। स्वदेशी र विदेशी पर्यटकले अतिरिक्त पैसा तिर्नुपर्दा त्यसको असर पर्यटन उद्योग र पर्यटन व्यवसायीको मनोबलमा पर्नेछ। उद्योगहरुलाई प्रतिस्पर्धी बनाउन नयाँ करहरुलाई भ्याटबाट प्रतिस्थापन गर्दै जाने सोचाईले मूर्त रुप लिन पाएको छैन्। आगामी आर्थिक वर्षको सुरुमै Multi VAT System को विविध पक्षमा अध्ययन गर्न समिति बनाएर कार्य प्रारम्भ गरेमा अर्को वर्षको बजेटमा सुझाव दिन सक्छ।

घ) Unauthorized trade का कारण स्वदेशी उद्योगहरू प्रभावित भईरहेका छन्। नक्कली तथा अवैध पैठारीलाई नियन्त्रण तथा निरुत्साहन हुने गरि आयातित मालवस्तुको प्याकेजिङमा आयातकर्ता र बजार वितरकको लेबल लगाएर मात्र बजारमा पठाउने व्यवस्था गर्न परिसंघले माग गर्दै आएको थियो। बजेटमा उल्लेख गरिएको यस व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्छ। आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि स्वदेशी उद्योगहरुको संरक्षण एवं प्रबर्द्धन अपरिहार्य छ।

ङ) स्वदेशी उत्पादन प्रबर्द्धन गर्दै निर्यात बढाउन थप २६ वटा वस्तुहरुलाई निर्यातमा नगद अनुदान दिने वस्तुहरुको सूचीमा राख्न आग्रह गरेका थियौं। यसैगरी आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्न तयारी वस्तु र कच्चा पदार्थको भन्सार दर कम्तिमा दुई तहको फरक हुनुपर्ने हाम्रो सुझाव थियो। हाम्रो Research Cell बाट अध्ययन नै गरेर कुन कुन वस्तुमा कम्तिमा एक तहको भन्सार दर फरक हुनुपर्ने हो ती वस्तुहरुको किटानीसहित सुझाव पेश गरेका थियौं। तर, यी सुझावहरु बजेटमा समेटिएका छैनन्। सुझावहरु आगामी दिनमा सरकारले सम्बोधन गर्नेमा परिसंघ आशावादी छ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

७. बढ्दो ब्याजदर, अर्थतन्त्रको समग्र मागमा आएको कमी, नगद प्रवाहमा भएको समस्या, उत्पादनमा कमी तथा रोजगारी कटौती, निजी क्षेत्रको घट्दो मनोबल तथा नयाँ लगानीका योजना स्थगन, राजश्व संकलनमा आएको कमी विद्यमान अर्थतन्त्रका प्रमुख चुनौती हुन्। यी चुनौतीहरुको

सामना गर्दै मन्दिमा रहेको अर्थतन्त्रलाई उकास्न निजी क्षेत्रको घटेको मनोबल बढाउन Rebooting Nepalese Economy को अवधारणा सरकार र सम्बन्धित निकायहरुमा सुझाव पेश गरेका छौं । यही अवधारणा अन्तर्गत आजको हाम्रो वार्षिक साधारण सभाको Theme पनि 'मन्दीदेखि समृद्धि, लगानीमा अभिबृद्धि' रहेको छ ।

८. हाम्रा समक्ष रहेका चुनौतिलाई क्रमशः समाधान गर्दै लैजान Rebooting Nepalese Economy अवधारणामा प्रस्तुत गरिएका सुझावहरु कार्यान्वयन गर्न नेपाल सरकारको तर्फबाट सहयोग एवं सहकार्यको अपेक्षा गरेका छौं ।

क) औद्योगिक प्रवर्द्धनः

सरकारबाट उद्योग तथा लगानी प्रवर्द्धनसँग प्रत्यक्ष सरोकार राख्ने कानुनी व्यवस्थालाई एकीकृत गर्दै उद्योगलाई पर्ने समस्या समाधान तथा उनीहरूले पाउने सुविधा तथा सहुलियत एकै स्थानबाट उपलब्ध गराउन एकीकृत औद्योगिक विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनुपर्छ ।

उद्योगलाई जग्गामा हदबन्दी नलाग्ने स्पष्ट व्यवस्था गरिनुपर्छ । चालु बजेट र आगामी बजेटमा पनि जग्गा हदबन्दीको विषय उल्लेख गरिएको छ । यस विषयमा यसै वर्ष अध्ययन गरी उद्योगलाई प्रबर्द्धन हुने गरी स्पष्ट नीति बनाउनुपर्छ । साथै यो समस्या समाधानका लागि औद्योगिक क्षेत्र कार्यान्वयन तथा सार्वजनिक निजी साझेदारी (पीपीपी) मा संचालन गर्ने वातावरण बनाउनुपर्छ ।

मेक इन नेपाल अन्तर्गतका उद्देश्य पूर्ति र औद्योगिकरणलाई अगाडि बढाउन परिसंघले शक्तिखोर या मयुरधाप औद्योगिक क्षेत्र सार्वजनिक निजी साझेदारीमा संचालन गर्न सरकार समक्ष आशय प्रस्तुत गरेको छ । अनुमती पाएमा निजी क्षेत्रले पीपीपी मोडलमा एउटा नमुना औद्योगिक क्षेत्र निर्माण तथा संचालन गर्ने मौका पाउँछ । जसले अन्य औद्योगिक क्षेत्र प्रबर्द्धन तथा औद्योगिकरणको विस्तारमा मद्दत गर्छ । साथै GDP मा उद्योगहरुको ५ प्रतिशतको हाराहारीमा रहेको योगदान बढाउन समेत सहयोग गर्नेछ ।

ख) पूर्वाधारः

समृद्ध मुलुक निर्माणका लागि दीगो पूर्वाधार अपरिहार्य आवश्यकता हो । पुँजीगत बजेट बढाउनुपर्ने, निर्माणाधीन र निर्माणमा जाने क्रममा रहेका पूर्वाधार आयोजनाहरु निर्धारित समय तथा लागतमा गुणस्तरीय रुपमा सम्पन्न गर्ने गरी देशको प्राथमिकताको आधारमा पूर्वाधार विकास गुरुयोजना हुनुपर्ने आवश्यकता छ ।

आगामी आर्थिक वर्षको बजेटमा सार्वजनिक खरिद ऐन अध्ययन गरी Structural Change ल्याउने भनिएको छ । यसको लागि एउटा समिति बनाएर तोकिएको समय र लागतमा काम हुने वातावरण बनाउने हेतु ऐनमा आवश्यक संशोधन गरी अगाडि बढाउनुपर्छ । साथै गुणस्तरिय पूर्वाधार र समयमै परियोजना सम्पन्न गर्न Low Bidding Qualification System को पनि पुनरावलोकन हुनुपर्छ ।

ग) पर्यटनः

पर्यटन उद्योगमा निजी क्षेत्रको खर्बौं लगानी परिसकेको छ । राज्यले पनि विमानस्थल लगायत पूर्वाधारमा अर्बौंको लगानी गरेको छ । यी लगानीबाट अपेक्षाकृत लाभ हासिल गर्न सक्नुपर्छ । पर्यटन उद्योगमा राम्रो सेवा प्रदान गर्न सबै प्रमुख राजमार्गलगायत यातायात पूर्वाधारहरूको निर्माण तथा मर्मत निर्धारित समयमा पूरा गराउनुपर्छ ।

अन्तर्राष्ट्रिय पर्यटकका लागि नेपाल आकर्षक गन्तव्य मुलुक भएपनि राष्ट्रिय ध्वजावाहक प्रतिस्पर्धी हुन नसक्दा नेपाल महङ्गो गन्तव्य भइरहेको छ । नेपाल वायुसेवा निगमको सुधारका लागि रणनीतिक साझेदार भित्र्याई यसलाई प्रतिस्पर्धी बनाउनुपर्छ । युरोपका पर्यटक धेरै खर्च गर्ने मध्येमा पर्छन् । सन् २०१३ देखि युरोपेली मुलुकसँग हाम्रो सिधा हवाई सम्पर्क टुटेको छ । त्यसैले युरोपसँग पुनः सिधा हवाई सम्पर्क जतिसक्दो छिटो जोड्नुपर्छ ।

आन्तरिक पर्यटन प्रवर्द्धन गर्न एक परिवारले वार्षिक १ लाखसम्मको भ्रमणमा

गरेको खर्च करयोग्य आयबाट कट्टी गर्न पाउने व्यवस्था गर्नुपर्छ ।

घ) उर्जाः

उर्जा विदेशी मुद्रा आर्जन गर्ने, व्यापार घाटा न्यूनीकरणमा सहयोग गर्ने महत्वपूर्ण क्षेत्र हो। जलविद्युत क्षेत्रमा नेपालको निजी क्षेत्रले जोखिम मोलेरै उदाहरणीय उद्यमशीलताको प्रदर्शन गरिरहेका छन्।

हालै सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणका बेला महत्वपूर्ण समझदारी भएका छन् । साथै १० वर्षमा १० हजार मेगावाट नेपालबाट उत्पादित विद्युत खरिद गर्ने विषय दुवै देशका प्रधानमन्त्रीज्यूहरुको उपस्थितीमा समझदारी भएको छ । यसले उर्जा क्षेत्रमा ठूलो लगानी भित्रिने र विद्युत बजार भारत तथा बंगलादेशमा विस्तार हुनेमा विश्वस्त छौं ।

११ हजार मेगावाट बढीको पीपीए रोकिरहेको छ। यसले निजी क्षेत्रको लगानी जोखिममा परेको छ। यसलाई यथाशीघ्र खोलेर भारतसँग भएको समझदारीको पूर्ण उपयोग गर्न अनुरोध गर्दछु। सँगै विद्युत व्यापारका लागि निजी क्षेत्रलाई पनि खुला गर्नुपर्छ । साथै, विद्युत निर्यात हुँदै गर्दा स्वदेशमै रहेका उद्योगहरुले सहज रुपमा विद्युत पाइरहेका छैनन् । यसले उद्योगहरुको उत्पादन लागत बढाएको छ । उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउन उद्योगहरूलाई सहुलियतमा विद्युत उपलब्ध गराउन पनि म हार्दिक अनुरोध गर्दछु ।

सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणले दुई देशबीचको सम्बन्ध थप सुमधुर बनाउनुका साथै आर्थिक विकासको सम्भावनाहरुलाई केन्द्रमा राख्न सफल भएको हाम्रो बुझाई छ ।

ङ) सूचना प्रविधिः

विद्युत, मौसम अनुकुलताका कारण नेपालका लागि सूचना प्रविधि क्षेत्र प्रचुर सम्भावना भएको अर्को महत्वपूर्ण क्षेत्र हो । परिसंघले अति महत्वका साथ उठाउँदै आएको सूचना प्रविधि पार्क (आईटी पार्क) का विषयमा सरकारले केही बोलेको छैन । आईटी पार्कको न्यूनतम आवश्यकता पूर्व निर्धारित गरी

निजी क्षेत्रलाई यस्ता पार्क निर्माण गर्न दिन अनुरोध गर्दछु ।

सुचना प्रविधि सम्बन्धी शिक्षा अध्ययनका लागि विभिन्न विश्वविद्यालयहरू अन्तर्गत विभिन्न कलेजहरूको लागि विद्यार्थी कोटा हटाई गैर डिग्री आईटी शिक्षालाई प्रोत्साहन गर्न पनि आग्रह गर्दछु ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

९. उद्योगी व्यवसायीहरूले समाना गर्नु परेको चुनौती तथा हाम्रा अपेक्षाहरू यस गरिमामय उपस्थितिमा प्रस्तुत गर्दै गर्दा सरकारले केही गरेको छैन भन्ने अर्थमा नलिन समेत म हार्दिक अनुरोध गर्दछु।

१०. माथि प्रस्तुत गरिएको अर्थतन्त्रका चुनौतीकाबीच आगामी आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक बृद्धिदर हासिल गर्नुपर्नेछ । यसका लागि खुकुलो र लगानीमैत्री मौद्रिक नीति आवश्यक छ । म नेपाल राष्ट्र बैंक एवं श्रीमान् गभर्नरज्यूलाई निजी क्षेत्रको मनोबल बढाउने गरी मौद्रिक नीति ल्याउन विशेष अनुरोध गर्न चाहन्छु ।

११. बजेट कार्यान्वयन प्रभावकारी हुन नसक्दा लिइएको आर्थिक बृद्धिको लक्ष्य हासिल गर्न सकिएको छैन । यो अनुभवबाट पाठ सिक्दै चालु आर्थिक वर्षदेखि परिसंघले पहिलो पटक बजेटमा गरिएको व्यवस्था कार्यान्वयनका लागि स्पष्ट खाका तयार पार्दै सफल कार्यान्वयनका लागि सकारात्मक पहल थालेको छ । परिसंघले सुरु गरेको बजेट वाच आगामी बजेट कार्यान्वयनका लागि समेत निरन्तरता दिनेछौं ।

आगामी आर्थिक वर्षका लागि बजेटमा समावेश सार्वजनिक निजी साझेदारी सम्बन्धी ७३ बुँदाहरूको सफल कार्यान्वयनका लागि स्पष्ट मार्गचित्रसहितको बजेट वाच पुस्तिका तयार पारेका छौं । यस सभामा सम्माननीय प्रधानमन्त्रीज्यूमार्फत माननीय मन्त्रीज्यूहरु, मुख्यसचिवज्यू, सचिवज्यूहरू, कार्यान्वयन गर्ने निकाय एवं यहाँ उपस्थित सबै अतिथिज्यूहरूलाई सो पुस्तिका उपलब्ध गराउनेछौं।

सरकारले बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन घोषणा गरिएको अनुगमन समितिमा परिसंघको प्रतिनिधित्व गराउन म हार्दिक अनुरोध गर्दछु । यसले बजेटको प्रभावकारी कार्यान्वयनका लागि सकारात्मक भूमिका खेल्ने विश्वास पनि दिलाउन चाहन्छु ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

१२. निजी क्षेत्र आर्थिक संमृद्धिको सम्वाहक हो। जस्तो सुकै परिस्थितीमा पनि निजी क्षेत्रले सरकारलाई सहयोग, सहकार्य गर्दै आएको छ। लगानीको वातावरण निर्माणका लागि राज्य, प्रशासन संयन्त्र सहयोगी होस् भन्ने निजी क्षेत्रको चाहना छ । आज भएको व्यवस्थालाई आधार बनाएर लगानी गरिएको हुन्छ । तर, छोटो अवधिमै हुने नीतिगत व्यवस्था परिमार्जनले लगानीलाई सुनिश्चितता प्रदान गर्दैन । लगानीको वातावरणका लागि न्यूनतम १० वर्षसम्म ऐन, कानून, नीति परिमार्जन हुँदैन भन्ने ग्यारेन्टी सरकारले बनाइदिन सक्नुपर्छ। यसले नै लगानीमा अभिबृद्धि ल्याउँछ र मुलुकलाई आर्थिक मन्दीको अवस्थाबाट समृद्धिको बाटोमा लैजान सहयोग गर्छ ।

१३. वि.सं. २०४८।४९ सालतिर सुरु भएको 1st Generation Reform ले निजी क्षेत्रको लगानीलाई विस्तार गराउँदा सामाजिक, आर्थिक विकासमा महत्वपूर्ण उपलब्धी हासिल भयो। शिक्षा, स्वास्थ्य, औद्योगिक उत्पादन, रोजगारी सिर्जना गर्दै आर्थिक बृद्धिका साथै देशलाई अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नती गर्न सफल भएका छौं। तर, पछिल्ला वर्षहरुमा निजी क्षेत्रलाई सहजीकरण गरिनुपर्नेमा Over Regulate गरिएको छ ।

हामी अहिले जुन आर्थिक संकटमा छौं, त्यसको कारण भनेको दोस्रो चरणको सुधार कार्यक्रम गर्न नसक्नु पनि हो। हामी सँगसँगै आर्थिक सुधार अवलम्बन गरेका अन्य मुलुकले आर्थिक विकासमा धेरै ठुलो फड्को मारेका छन्। आर्थिक सुधारलाई चरणबद्ध रुपमा अगाडि बढाएर

नै उनीहरुले आर्थिक विकासमा सफलता प्राप्त गरेका हुन् । त्यसैले हामीले दोस्रो चरणको सुधारलाई तत्कालै कार्यान्वयनमा ल्याउन आवश्यक छ । बजेटमा दोस्रो चरणको कार्यक्रमलाई प्राथमिकता दिइने विषय स्वागतयोग्य छन् । हामी नीतिगत र संरचनागत सुधार गर्दै दोस्रो चरणको सुधारका लागि अघि बढ्न हार्दिक अनुरोध गर्दछौं ।

१४. मेरो दुई वर्षे कार्यकाल सकिनै लाग्दा थप ७० उद्योगहरु परिसंघको सदस्य बन्नु भएकोमा म धेरै नै हर्षित छु । मेक इन नेपाल स्वदेशी अभियानमा १०२ वटा थप उद्योगहरु आवद्ध हुनुभएको छ । हामीले सदस्यता मात्रै बढाएका छैनौं Membership Cell मार्फत सदस्यहरुको समस्या समाधानका लागि सक्रिय र सकारात्मक पहल पनि गर्दै आएका छौं ।

कर्मचारी संख्यालाई करिब दोब्बर बनाउँदै सचिवालयलाई चुस्त एवं बलियो बनाएका छौं । सचिवालयमा ५० प्रतिशत भन्दा बढी महिला कर्मचारीहरु आवद्ध हुनुहुन्छ ।

१५. मेरो कार्यकालमा प्रत्यक्ष एवं परोक्ष रुपमा सल्लाह, सुझाव एवं सहकार्यका लागि नेपाल सरकार तथा अन्तर्गतका विभिन्न निकायहरु, राजनीतिक दल, उद्योगी व्यवसायी, विकास साझेदार, नागरिक समाज, संचार क्षेत्र सबैलाई हार्दिक आभार व्यक्त गर्दछु ।

परिसंघले यस दौरान आयोजना गरेको मेक इन नेपाल स्वदेशी सम्मेलन, स्टार्ट अप सम्मेलन, वुमन्स लिडरसिप समिट, नेपाल पूर्वाधार सम्मेलन लगायतका महत्वपूर्ण कार्यक्रमहरुमा साझेदार गर्ने सहयोगी संस्थाहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

यसैगरी मेरो कार्यकाललाई सफल बनाउन प्रत्यक्ष रुपमा महत्वपूर्ण मार्ग निर्देशन एवं सहयोग गर्नुहुने परिसंघ गभर्निङ्ग काउन्सिल संयोजक माननीय विनोद चौधरीज्यू तथा आदरणीय सदस्यज्यूहरु, CNI Advisory Council

का सदस्यज्यूहरु, परिसंघका सहकर्मी उपाध्यक्ष तथा अन्य पदाधिकारीज्यूहरु, परिसंघ राष्ट्रिय परिषद् सदस्यज्यूहरु, प्रदेश तथा जिल्ला उद्योग संघ परिसंघका अध्यक्षज्यूहरु, पदाधिकारीज्यूहरु, परिसंघका सदस्यज्यूहरु, परिसंघका महानिर्देशकज्यू एवं सचिवालयका सबै कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

जस्तो सुकै अप्ठ्यारो एवं सहज अवस्थामा सदाझै आत्मिय साथ दिने मेरी श्रीमती तुलिका र छोरीहरु हर्सिता र राघवी तथा परिवारका अन्य सदस्यहरुलाई विशेष आभार व्यक्त गर्दछु । साथै म आवद्ध संस्था MAW Group का सबै कर्मचारीहरुलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

१६. अन्त्यमा आफ्नो महत्वपूर्ण समय दिएर हामीलाई हौसला प्रदान गरिदिनुभएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यू, माननीय अर्थमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरुसहित उपस्थित सम्पूर्ण अतिथि महानुभावहरूमा गरिमामय उपस्थिति तथा प्रोत्साहनका लागि हार्दिक आभारसहित पुनः स्वागत गर्दछु। धन्यवाद।

८ असार २०८०, काठमाडौं।

CNI

नेपाल उद्योग परिसंघ

ट्रेड टावर, थापाथली, काठमाडौं । फोन: ५१११११२२, ५१११११२३
Email: cni@cnind.org I Website: www.cni.org.np